## सोताङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः ४ मितिः २०७८/०२/२१

### भाग-२

## सोताङ गाउँपालिका

कार्यपालिकावाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८

नेपालको संविधानको धारा ३८ मा व्यवस्थित महिलाको हकलाई कार्यान्वयन गर्न, लैंङ्गिक हिंसाबाट पिडित वा प्रभावितलाई गाउँपालिकाबाट तत्काल उद्धार गरी राहत, औषधी उपचार तथा पुनर्स्थापना गर्न र गाउँ स्तरीय लैंङ्गिक हिंसा कोष स्थापना गरी सो कोषको प्रभावकारी रुपमा परिचालन गर्ने उद्देश्यले सोताङ गाउँ कार्यपालिकाले लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८ मिति २०७८/०२/१७ स्वीकृत गरी लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि,२०७८ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपाीलकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) **"कार्यालय"** भन्नाले सोताङ गाउँ कार्यपालिकाको कार्यालय सोलुखुम्बुलाई सम्झनु पर्छ ।

(ख) **"कोष"** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम लैंगिक हिंसा प्रभावितहरुको सहायताको लागि स्थापना गरिएको गाउँपालिकाको लैंगिक हिंसा निवारण कोषलाई सम्झनु पर्छ ।

(ग) **"पीडित"** भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(घ) **"समिति"** भन्नाले कार्यविधिको दफा ६ बमोजिमको तत्काल उद्धार तथा राहत समिति सम्झनुपर्छ ।

(ङ) **"लैङ्गिक हिंसा"** भन्नाले घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, बलात्कार, एसिड प्रहार जस्ता सामाजिक कुरीतिजन्य विभेदपूर्ण व्यवहार लगायत लैङ्गिकताको आधारमा हुने हिंसा समेत सम्झनुपर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ ।

(च) " गाउँपालिका" भन्नाले सोताङ गाउँपालिका सोलुखुम्बुलाई सम्झनु पर्दछ ।

३. **लैंगिक हिंसा निवारण कोषको स्थापनाः** (१) गाउँपालिकाले लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गर्नेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

Scanned with CamScanner

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम

(ग) सो कोषका लागि गाउँपालिकाले विनियोजन गरेको रकम,

(घ) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संघ संस्था वा निकायबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(३) उपदफा (१) बमोजिमको रकम सोताङ गाउँपालिकाले नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त कुनै बैंकमा खाता खोली जम्मा गर्नेछ,

(४) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. **कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि उपयोग गरिने छ :

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितको औषधी उपचार गर्न,

(ग) पिडितलाई राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) स्वरोजगारको लागि व्यवसाय स्थापना गर्न अनुदानको रुपमा रकम प्रदान गर्न,

(च) पीडितलाई पुनर्स्थापना गराउन,

(छ) लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारबाट पीडितले प्रचलित कानून बमोजिम पिडकबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो पिडकको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने अवस्थामा अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा गाउँपालिकाको स्थानीय लैंगिक हिंसा निवारण कोषबाट पिडितलाई रकम प्रदान गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसाबाट पीडित महिला, बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू औषधी दुर्व्यसनमा फसी सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

(३) कोषको रकम दफा ४ बमोजिमको अवस्था बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

५. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** : (१) कोषको रकम दफा ४ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

Scanned with CamScanner

६. **उद्धार तथा राहत समितिको गठन :** (१) हिंसामा परेका महिला, बालबालिका तथा किशोरीहरुको तत्काल उद्धार लगायतको कार्य र कोषको संचालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको उद्धार तथा राहत समिति रहनेछ ।

क) उपप्रमुख - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

घ) जिल्ला प्रहरी कार्यालय (प्रहरी महिला सेल) का प्रतिनिधि -सदस्य

ङ) स्वास्थ्य संयोजक, सोताङ गाउँपालिका -सदस्य

च) गाउँपालिकाको विपद् व्यवस्थापन शाखा प्रमुख -सदस्य

छ) लैगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरुमध्येबाट तत्काल उद्धार तथा राहत समितिले तोकेको सस्थाका प्रतिनिधि एक जना -सदस्य

झ) शाखा प्रमुख (महिला तथा बालबालिका) सोताङ गाउँपालिका - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि २ वर्षको हुनेछ ।

(३) समितिको सचिवालय गाउँपालिकाको कार्यालयमा रहनेछ ।

७. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा पिडितको उद्धार/पुनर्स्थापना गर्ने, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने र सो सम्बन्धी कार्यक्रम तर्जुमा गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गर्ने,

(ग) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने, गराउने,

(घ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(ङ) लैङ्गिक हिंसा निवारणको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(च) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा स्विकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम व्यावस्थापन, प्रयोग तथा बाह्य स्रोतको खोजी गर्ने,

(छ) गाउँपालिकाभित्र घटेका लैङ्गिक हिंसा सम्वन्धि घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ज) प्रत्येक वर्ष गरेको काम कारबाहीको विवरण सार्वजनिक गर्ने ।

Scanned with CamScanner

४. उपदफा (१) को खण्ड (ङ) बमोजिमको समितिको बैठक संचालन तथा अनुगमनका लागि आवश्य पर्ने नियमानुसारको खर्च कोषबाट व्यहोरिनेछ।

८. **समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट छानिएको सदस्यले अध्यक्षता गर्नेछ।

(४) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिका सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(५) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले अफुहरु मध्येबाट छानेको सदस्यले गर्नेछ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ। तर, मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) समितिले बैठकमा आवश्यकता अनुसार सम्वन्धित क्षेत्रका पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागि हुन आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

(१०) समितिको बैठक सम्वन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. **स्थानीय लैंगिक हिंसा निवारण कोषमा रकम उपलब्ध गराउने :** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि गाउँपालिकाले समेत बार्षिक रुपमा बजेट विनियोजन गरी कोषमा जम्मा गर्नेछ।

१०. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधार तथा रकममा नबढ्ने गरी मात्र उपलब्ध गराईनेछ।

(क) पिडितलाई तत्काल उद्धार गर्नु पर्ने अवस्थामा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन अधिकतम पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पिडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने अवस्थामा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी

Scanned with CamScanner

साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन अधिकतम पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी भूक्तनी दिने र पीडितसँग आश्रित बालबालिका भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च,

(ग) पिडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यत्र प्रेषण गर्नु परेमा पाँच हजार रुपैयाँमा नबढ्ने गरी,

(घ) पिडितलाई स्वरोजगारको लागि व्यवसाय स्थापना गर्न नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया,

(ङ) पिडितको पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्ता पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी थप रकम उपलब्ध गराउन सक्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले दफा ११ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१२. तत्काल रकम उपलव्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्दार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुनसक्ने देखिएमा समितिको अध्यक्षको आदेशमा तत्काल कोषबाट बीस हजार रुपैयाँमा नवढ्ने गरी सम्वन्धित पीडितलाई रकम उपलव्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराइएकोमा त्यसरी रकम उपलव्ध गराइएपछि वस्ने समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप रकम निकासा माग गर्न सक्ने :** (१) लैंगिक हिंसा निवारण कोषमा निकासा भएको रकम अपर्याप्त भएमा समितिले सो को कारण खुलाई मन्त्रालय र गाउँपालिका समक्ष थप रकम माग गर्न सक्नेछ ।

Scanned with CamScanner

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा गाउँपालिकाले आवश्यकता र औचित्यता हेरी थप रकम निकासा दिन सक्नेछ ।

(३) लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भएको रकम भन्दा बढी खर्च गर्नुपर्ने अवस्था सिर्जना भएमा मनासिव कारण र प्रमाण खुलाई उद्धार तथा राहत समितिले मन्त्रालय र गाउँपालिका समक्ष थप रकम माग गर्न सक्नेछ ।

**१४. संघ तथा प्रदेश सरकारबाट तथा अन्य निकायबाट प्राप्त अनुदान सम्बन्धमाः**

लैंगिक हिंसा निवारणका लागि नेपाल सरकार, प्रदेश सरकार लगायत अन्य निकायबाट सशर्त रुपमा प्राप्त हुने बजेट सोही शर्त बमोजिम र शर्त नतोकिएकोमा यसै कार्यविधि बमोजिम खर्च गर्न सकिनेछ ।

**१५. कोषको लेखा र लेखा परीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानूनबमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

**१६. कोषको रकम जिम्मेवारी सर्ने :** प्रत्येक आर्थिक बर्षको अन्तमा कोषमा मौज्दात् रहेको रकम आगामी बर्षका लागि सोही कोषमा जिम्मेवारी सर्नेछ ।

**१७. आवधिक प्रतिवेद सम्बन्धी ब्यवस्थाः** (१) प्रत्येक ६/६ महिनामा समितिबाट भए गरेका काम कारवाहीको अर्धबार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय र गाउँ कार्यपालिका समेतमा पेश गर्नु पर्नेछ ।

**१८. बार्षिक प्रतिवेद सम्बन्धी ब्यवस्था :** आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको बार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय र गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**१९. बैठक भत्ताः** समितिको बैठकमा सहभागि पदाधिकारीहरुले कानून बमोजिम बैठक भत्ता पाउनेछन् ।

**१९. निर्देशन दिन सक्ने :** (१) गाउँपालिकाले समितिको काम कारवाही सम्वन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

Scanned with CamScanner

अनुसुची १

नियम १० सँग सम्बन्धित

**विषय : सहयोग उपलब्ध गराई पाँऊ ।**

श्री संयोजक ज्यू

स्थानीय तत्काल उद्धार तथा राहत समिति

सोताङ गाउँपालिका सोलुखुम्बु ।

म यस गाउँपालिकाको वडा नं. ............. मा बस्ने वर्ष ....... को म.................. मिति ........................मा लैंगिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैंगिक हिंसा ( .....................................................) भएको कारणले मेरो मानसिक/ शारिरिक/ सामाजिक अबस्था कमजोर भई अशक्त अवश्थामा रहेको हुनाले मलाई औषधि उपचार/ कानुनी सहायता एवम् परामर्श/ उद्धार/ मनोविमर्श/ स्वरोजगार/ पुर्नस्थापना/ अन्य ............................................ कामको लाीग सहयोग आवश्यकता परेको हुँदा स्थानीय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराइदिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको

नामथर

ठेगाना

दस्तखत

मिति

Scanned with CamScanner